







# न्युयोर्कमा भव्य रुपमा सुम्निमा साँझ सम्पन्न

Print Email Share This



न्युयोर्क-डिसेम्बर २६,

किरात राई सोसाइटी अफ अमेरिका (KRSA )को आयोजनामा हिजो न्युयोर्कमा एक भव्य समारोह बिच बिबिध सांस्कृतिक कार्यक्रमको साथमा "सुम्निमा सांझ-२" सम्पन्न भयो / सोही कार्यक्रमकै अवसरमा संस्थाले बरिष्ठ गायिका सपना श्री र पत्रकार विजय पौडेललाई बिशेष सम्मान पत्रद्वारा सम्मान गर्यो/सम्मानित गायिका सपना श्री बिगत ३ दशक देखि नेपाली गीत संगीत क्षेत्रमा सक्रीय रहदै आएकी छिन भने पत्रकार विजय पौडेल विगत ३ बर्षदेखि न्युयोर्कबाट प्रकाशन हुने विश्व सन्देश पाक्षिक पत्रिकाको सम्पादन र प्रकाशन गर्दै आएका छन/

न्युयोर्कको कुईन्स, उड्साईड स्थित सागरमाथा रेस्टूरेन्टको सभा कक्षामा सम्पन्न उक्त कार्यक्रम संस्थाका उपाध्यक्ष एवं कार्यक्रमका संयोजक अभिषेक राईको सभापतित्वमा सम्पन्न भएको थियो/ संयुक्त राष्ट्र संघकालागि नेपाली स्थाई नियोगका नायब प्रतिनिधि शंकर बैरागीको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रममा संस्थाका बोर्ड अफ डाइरेक्टर उर्वशी राईले स्वागत मंतव्य राखेकी थिइन भने बोर्ड चेयर मणि बांग्देलले संस्थाको बारेमा र कार्यक्रम आयोजनाको बारेमा मंतव्य राखेका थिए/ यसै गरी प्रमुख अतिथि बैरागीले शुभकामना मंतव्य ब्यक्त गरेका थिए/

कार्यक्रममा नेपाली गीत संगीत क्षेत्रका चर्चित एवं लोकप्रिय गायकहरु यम बराल, रोशन गुरुंग, जगदीश समाल लगायतका अन्य स्थानीय कलाकारहरु राजेन्द्र राई, तिलक श्रेष्ठ, पविता बागचंद, सानु शेर्पाले बिभिन्न गीत प्रस्तुत गरेका थिए भने विजय नकर्मी, बसन्ती राई, यशोदा खालिंग, वाकाषा बान्तवा, सजना राई, बीना थापा राई, सलीना श्रेष्ठले बिभिन्न गीतमा नृत्य प्रस्तुत गरेका थिए भने आयोजकको तर्फबाट सुरेन्द्र राई, भारती राई, बृन्दा राई, रन्जिब राई, सजना राई, नीला राई, झरना राई, जयराम राई, दीपा थापा राई र सोनू राईले सामूहिक सकेला नाच प्रस्तुत गरेका थिए/ यसै गरी जेनिश कर्मचार्य र सचिको महर्जनले नेवारी नृत्य, रमेश गुरुंग र येशोदा खालिंगले गुरुंग नृत्य र लिम्बु संस्कृतिमा बिशेष महत्व राख्ने च्याब्रुंग नृत्य समेत प्रस्तुत गरिएको थियो /

*तस्बीर: प्रदीप थापा मगर*

थप समाचार:

» न्युयोर्कमा भव्य रुपमा सुम्निमा साँझ सम्पन्न
» फिप्नाको महाधिवेसन मिति फेरी सरयो
» न्युयोर्कमा युएसनेपाल अनलाईनको तेस्रो बार्षिकोत्सव कार्यक्रम सम्पन्न
» अमेरिकाबाट नेपाल पठाइएको एक मिलियन डलर बैंकबाटै झ्वाम !
» असलम खान- कृष्णनगर देखि अमेरिका सम्म (फिचर स्टोरी )
» न्युयोर्कमा काम लाग्ने कानुनी परामर्श कार्यक्रम सम्पन्न
» गायन र नृत्य प्रशिक्षणको लागी अब न्युयोर्कमै कक्षा सञ्चालन
» न्युयोर्कको ज्याकसन हाईटमा डिजी प्लस प्रिन्टिंग

BFBS GURKHA Radio
List of Radio in Nepal
- Radio Nepal
- BBC
View More

**Nepali Movie**



Mero Yauta sathi chha
Archive Nepali Movie

**Hindi Movie**



Dhamal
Archive Hindi Movie

**Lok Dohari Songs**



औंठी राम्रो सुन चादी हिराको
Archive Lok Dohari Songs